श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं:-5

माननीय न्यायाधीश श्री मुनेन्द्रप्रसाद अवस्थी

माननीय न्यायाधीश श्री कृष्णराम कोइराला

**आदेश**

मुद्दा नं:-0८1-WO-2277

मुद्दा:- उत्प्रेषण, परमादेश।

**निर्णय नं: ८२४**

| | |
|---|---|
| पदम वहादुरको नाति क्षेत्र वहादुरको छोरा मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. 4 घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ४ वस्ने वर्ष ६५ को गणेश थापा...........................................................................१ | निवेदक |

बिरुद्ध

| | |
|---|---|
| ल.पु.जि.ल.पु.म.न.पा. वडा नं. १७ सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा रहेको अखिल नेपाल फुटबल संघ (एन्फा).....................................................1 | विपक्षी |
| ऐ.का अध्यक्ष पंकज विक्रम नेम्बाङ्ग ज्यू.........................................................1 | |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(1) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-**

**तथ्य खण्ड:**

1) म एक नेपाली नागरिक भई नेपालको फुटबल खेल जगतमा २०३५ साल देखि निरन्तर रुपमा राष्ट्रिय खेलाडी हुदै क्याप्टेन समेत भई स्वदेश र विदेशमा समेत आयोजित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताहरुमा भाग लिई सकेको छु । मित्रराष्ट्र भारत तथा बंगलादेशको ख्यातिप्राप्त क्लबहरुमा समेत आवद्ध भई व्यावसायिक खेलाडीको रुपमा फुटबल खेली सकेकोछु । नेपालको पहिलो अन्तर्राष्ट्रियस्तरको सफल व्यावसायिक खेलाडी समेत भई नेपालको नाम राखेको छु । यस अवधिमा मैले गोल्ड मेडल लगायत विभिन्न पदकहरु जीति विदेशमा समेत फुटबल खेलकूद जगतमा नेपालको मान प्रतिष्ठा उच्च राख्न सफल भएको छु। तत्पश्चात २०५१ सालमा फुटबल खेलबाट सन्यास लिई २०५२ साल देखि २०७२ सालसम्म एन्फा अध्यक्ष भई काम गरेको, १० वर्ष सम्म दक्षिण एशियाली फुटबल महासंघको अध्यक्ष भई कार्य गरेको, एशियाली फुटबल महासंघको सदस्य हुदै उपाध्यक्ष समेत भई कार्य गरेको, ए.एफ.सी.को विभिन्न समितिहरुमा रही कार्य गरेको, फिफा अनुशासन

समितिको सदस्य रही १७ र १९ वर्ष मुनिको फुटबल खेलको विश्व कप आयोजक समितिको सदस्य समेत भई ईमान्दारीपूर्वक आफ्नो पदीय दायित्व पुरा गर्दै उक्त उच्च पदमा पुग्ने नेपालको फुटबल खेलको जगतमा इतिहासमा पहिलो व्यक्ति स्थापित हुन सफल भएको छु। तत् पश्चात तत्कालीन मन्त्रिपरिषदको निर्णय वमोजिम खेलकुद जगतको विज्ञको हैसियतमा २०७० देखि २०७४ सालसम्म संविधान सभाको सदस्य भई वर्तमान संविधान निर्माणमा समेत मेरो उल्लेखनीय योगदान रहेको छ । म मिति २०५२ साल देखि २०७२ सालसम्म २० वर्ष अखिल नेपाल फुटबल संघको अध्यक्ष भई दशरथ रंगशालाको एउटा सानो कोठामा रहेको संघको कार्यालयलाई स्थानान्तरण गरी सातदोबाटोमा एन्फाको आफ्नै भवन वनाई कार्यालय सारी खेलाडीहरुको लागि छात्रावास, खेल मैदान र प्यारापिट बनाई एन्फा एकेडेमी मार्फत उत्कृष्ट खेलाडीहरु उत्पादन गरी तिनीहरुलाई मोटरसाईकल, कार र अपार्टमेन्ट समेत पुरस्कार स्वरुप दिने प्रथाको शुरुवात मैले मैरै कार्यकालमा गरेको थिएँ । जुन कार्य विगत १० वर्ष देखि समाप्त गरिएको छ । यही अवधिमा परिवन्धले गर्दा फिफाले मलाई १६ अप्रिल, २०१५ मा फुटबल सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिमा सहभागी हुन नपाउने गरी १० वर्षको लागि प्रतिवन्ध लगाएकोमा सो प्रतिवन्ध १५ अप्रिल २०२५ बाट समाप्त भई हाल म फुटबल खेल सम्बन्धी गतिविधिहरुमा सक्रिय सहभागी हुन थालेको छु । उल्लिखित प्रतिवन्ध फुकुवा भए पछि फुटबल खेल जगत नै मेरो जीवनको अभिन्न अंग भएकोले आर.सि. ३२ क्लबमा आवद्ध भई फुटबल खेलमा अझ केही योगदान दिने लक्ष्य राखी अगाडि वढिरहेको छु । यसै क्रममा विपक्षी अखिल नेपाल फुटबल संघको नियमित साधारण सभा मिति २०८२ वैशाख २६ गते शुक्रबारका दिन काभ्रे जिल्लाको धुलिखेल नगरपालिकाको सभा हलमा हुने भनि उक्त संघको मिति २०८२ साल चैत्र ११ र १२ गते एन्फा सचिवालयमा वसेको कार्यसमितिको वैठकले निर्णय गरी त्यसको सूचना आफ्ना सदस्यहरुलाई पठाएको छ । सो वमोजिम म आवद्ध रहेको आर.सि.३२ क्लबलाई पनि सोही वमोजिम सूचना प्राप्त भएकोले उक्त क्लबको म सदस्य भएको हुँदा सो क्लबको मिति २०८२।१।१५ को निर्णय वमोजिम उक्त साधारण सभामा भाग लिनका लागि अखिल नेपाल फुटबल संघको विधान २०७७ को दफा २६ (२) वमोजिम म निवेदक गणेश थापा र सुरेन्द्र वस्नेतलाई उक्त साधारण सभाको प्रतिनिधि सदस्य मनोनयन गरी विपक्षी संघमा पठाएको छ । यसर्थ, उक्त अखिल नेपाल फुटबल संघको मिति २०८२।१।२६ मा हुन गैरहेको नियमित साधारण सभामा आर.सि.३२ क्लबको प्रतिनिधिको हैसियतले भाग लिन पाउने मेरो निर्विवाद संवैधानिक र कानूनी हक हो ।यसरी म फुटबल जगतमा नै वांचिरहेको खेलाडी भएकोले आर.सि.३२ क्लब मार्फत २०८२।१।२६ मा हुन गैरहेको अखिल नेपाल फुटबल संघको साधारण सभामा भाग लिई आफ्ना रचनात्मक सुझावहरु दिई फुटबल खेललाई उत्कृष्ट वनाउने लक्ष्यसाथ अगाडि वढिरहेकोछु । यस अगाडि पनि फिफा कै आचार संहिता उलंघन नहुने गरी मैले विभिन्न सन्चार माध्यम मार्फत रचनात्मक सुझावहरु दिईनै रहेकोछु । तथापी विपक्षी अखिल नेपाल फुटबल संघको मिति २०८१ चैत्र ११ र १२ गते वसेको वैठकले नै निर्णय नम्बर १७ (१) मा "अखिल नेपाल फुटबल संघ एन्फाका पूर्व अध्यक्ष गणेश थापाले फिफाको अनुशासन समितिबाट गरिएको १० वर्षे प्रतिवन्धको अवधिमा पटक पटक फुटबल खेलको गतिविधिमा विवाद निम्त्याउने, सरोकारवालाहरुलाई आक्षेप लगाउने, अनावश्यक दवावहरु श्रृजना गर्ने, सामाजिक सञ्जाल मार्फत गाली गलौज गर्ने लगायतका कार्यहरु निरन्तर गरेको देखिन आएकोले उक्त कार्यहरु फिफाको निर्देशन तथा प्रतिवन्धित अवधिमा गर्न नहुने कार्यहरु भएकोले यस कार्यसमिति वैठकबाट सम्पूर्ण विवरण हरुलाई एकिकृत गरी फिफा तथा ए. एफ.सी.मा पत्राचार गर्ने र संघको सदाचार समितिलाई पनि आवश्यक कारवाहीका लागि

सिफारिस गर्ने निर्णय गरियो" भनी म उपर मलाई सफाईको मौका समेत नदिई तथ्यहीन झुट्ठा आरोप अभियोग लगाएको छ । सोही मितिको निर्णयको लागि प्रेस विज्ञप्ती मार्फत विपक्षी संघले "विविध विषयहरुमा विभिन्न दैनिक प्रशासनिक निर्णयहरु गर्दै संघका पदाधिकारीहरुको विशेष प्रस्तावमा फिफाबाट प्रतिवन्धित पूर्व अध्यक्ष गणेश थापा सम्बन्धी विभिन्न भष्टाचार लगायतका फिफाको निर्देशन उलंघन र अन्य गतिविधिहरुलाई आवश्यक अनुसन्धान तथा छानवीन गरी कारवाहीका लागि फिफा, एएफसी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी तथा संघको न्यायिक निकायहरुमा आवश्यकता अनुसार पत्राचार गर्ने र संघका वरिष्ठ उपाध्यक्ष वीर वहादुर खडका लगायत अन्य व्यक्ति उपर गम्भिर प्रकृतिका उजुरीलाई सम्बन्धित निकायमा छानवीन गरी निर्णयका लागि पत्राचार गर्ने निर्णय गरियो" भनी बुंदा नम्बर १५ मा उल्लेख गरी संघको प्रवक्ताबाट प्रेश विज्ञप्ती जारी गरिएको छ । विपक्षीबाट लगाईएका उक्त सवै आरोपहरु विगत १० वर्ष अगाडि नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानवीन भई तामेलीमा राखी सकेको विषय हो । माथि उल्लेख गरे वमोजिम विगतमा पनि यस्तै प्रकारको आरोप लगाउदा मेरा विरुद्ध विपक्षीहरुले लगाई फिफामा उजुरी हालेकोमा फिफाले As previously analyzed, Mr. Thapa's statements were made in the context of a purely private activity unrelated to organized football in general and the ANFA in particular. Such declarations consisted in Mr. Thapa's personal opinion about the suitability of a candidate for the role of president of the ANFA. In the eye of the committee, the foregoing doesn't correspond to a football related activity covered by art. 22 of the FDC. Therefore, the committee considers that in the present case there was no violation of the ban from taking part in any football-related activity imposed by the FIFA ethics committee" भनि लिखित जवाफ दिएबाट समेत फिफाले स्पष्ट रुपमा विपक्षीको म उपरको आरोपलाई औचित्यहीन र अनावश्यक भनी खण्डन गरेको छ । त्यस्तै अखिल नेपाल फुटबल संघको विधान २०७७ को धारा २४ वमोजिम म आर.सि. ३२ क्लबको सदस्य हुन योग्य छु । विपक्षीले आरोप लगाए वमोजिम उक्त विधानको धारा २४(३) (ङ) वमोजिम म उपर कुनै पनि अभियोग लागेको पनि छैन र मलाई कुनै सजाए भएको पनि छैन । मेरो आवद्धता रहेको संस्था आर.सि.३२ क्लबले उक्त विधानको धारा १५ मा उल्लिखित सवै कर्तव्यहरु पूरा गरेको छ । धारा १५ (१) (ज) को विपरित कुनै कार्य गरेको छैन । यसर्थ, अखिल नेपाल फुटबल संघको विधानको धारा २५ र २६ वमोजिम विपक्षी संघको मिति २०८२।१।२६ को साधारण सभामा आर.सि.३२ क्लबको प्रतिनिधि सदस्यको हैसियतले भाग लिन पाउनु मेरो संवैधानिक र कानूनी अधिकार हो । अतः मिति २०८२।१।२६ मा हुन गैरहेको विपक्षी संघको साधारण सभामा निवेदकलाई भाग लिन नपाउँदा निवेदकलाई अपुरणीय क्षति हुने भएकोले सुविधा र सन्तुलन (Balance of Convenience) को सिद्धान्त वमोजिम यो मुद्दाको अन्तिम टुंगो नलाग्दा सम्म उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) वमोजिम निवेदकलाई साधारण सभामा भाग लिनका लागि कुनै अवरोध, वाधा व्यवधान श्रृजना नगर्नु, नगराउनु, सहज रुपमा भाग लिन दिनु, दिलाउनु भनि विपक्षीको नाममा अन्तरिम आदेश समेत जारी गरी पाउं । विपक्षी अखिल नेपाल फुटबल संघका अध्यक्षले "I am not sure if ten years past then his ban might have ended, said Nembang adding …………" "Even if his ban has ended he won't be eligible to be associated with district associations or football clubs. But he can come to the stadium and other tournaments to watch the game" भनि अप्रिल १७, २०२५ को Sports Nepal मा मेरो विरुद्ध दिएको वक्तव्य प्रकाशित भएको छ । विपक्षीको उपरोक्त कार्यले अखिल नेपाल फुटबल संघको मिति २०८२।१।२६ मा हुन गईरहेको नियमित साधारण सभामा मलाई

आर.सि. ३२ क्लबको प्रतिनिधि सदस्यको हैसियतमा भाग लिन नदिने वदनियत स्पष्ट हुनुका साथै सञ्चार माध्यममा उक्त वक्तव्य दिनु बाट मलाई सशंकित तुल्याएकोछ । विपक्षीहरुले मेरा विरुद्ध गरेका निर्णयहरुको नक्कल विपक्षीको कार्यालयमा माग्न जांदा नदिएकोले विपक्षीहरुले लिखित जवाफसाथ पेश गरेमा वा विपक्षीहरुको कानून व्यवसायी मार्फत बहसको क्रममा पेश गरेमा ती सवै गैरकानूनी निर्णयहरु वदर गरी उक्त साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नू नगराउनू , साधारण सभामा सहभागी हुन दिनु भनि विपक्षीहरुको नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२(1) वमोजिम अन्तरिम आदेश सहित नेपालको संविधान २०७२ को धारा ४६ र १४४ (1) एवं (२) वमोजिम उत्प्रेषण परमादेश लगायत उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाउं भन्ने निवेदन पत्र।

**2)** यसमा, के कसो भएको हो ? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सो को आधार कारण खुलाई भए सबुत प्रमाण सहित यो आदेश सहितको म्याद सूचना प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु होला भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाउँमा म्याद जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भए पछि नियमानुसार पेश गर्नू । साथै, निवेदकले अन्तरिम आदेश जारी गरि पाँउ भनी माग गरे सम्बन्धमा हेर्दा, निवेदक आर.सि. ३२ क्लबमा आबद्ध भई उक्त क्लबको मिति २०८२/०१/१५ को निर्णयले निवेदक समेतलाई एन्फाको नियमित साधारणसभामा सहभागिताको लागी पठाउने निर्णय भई निज प्रतिनिधिका रुपमा पठाइएको भन्ने पत्रको प्रतिलिपि समेत मिसिल संलग्न रहेको पाइयो। निवेदकलाई फिफाले लगाएको प्रतिवन्ध १६ अप्रिल २०१५ देखि १५ अप्रिल २०२५ मा समाप्त भइसकेको भन्ने मिसिल संलग्न सोको प्रतिलिपिबाट देखिन आएको अवस्थामा निवेदक समेत सहभागी हुने भनी निज आवद्ध आर.सि. ३२ क्लवबाट प्रतिनिधि रहेको देखिन आएको हुनाले मिति २०८२/०१/२६ गते हुने अखिल नेपाल फुटवल संघ को साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै बाधा व्यवधान अवरोध नगर्नु, नगराउनु, साधारणसभामा सहभागी हुन दिनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरीदिएको छ । यो आदेशको जानकारी विपक्षीहरुलाई दिनू भन्ने मिति 2082/01/21 गतेको आदेश।

**3)** अखिल नेपाल फुटबल संघको मिति २०८२ वैशाख २६ गते हुने नियमित साधारण सभाको लागि एन्फा आवद्ध १४ वटा शहिद स्मारक लिग सी डिभिजनका क्लवहरुबाट एन्फा विधान २०७७ को धारा २६ को (ग) को व्यवस्था अनुसार ९ भोट अर्थात् ९ मताधिकार प्रतिनिधि छनौटका लागि शहिद स्मारक लिग सी डिभिजन क्लबमा रहेको आर सी ३२ फुटबल एकेडेमीसहित १४ वटै क्लवहरुलाई ९ मताधिकार प्रतिनिधि छनौटका लागि मिति २०८२ वैशाख ७ गते एन्फा कम्प्लेक्स, सातदोबाटो, ललितपुरमा छनौट कार्यक्रम/निर्वाचन हुने जानकारीसहित अखिल नेपाल फुटबल संघको च.नं. १०८३/०८१/०८२ को मिति २०८१/१२/२८ को पत्र आर सी ३२ फुटबल एकेडेमीले समेत प्राप्त गरे पनि उक्त क्लब उक्त निर्वाचन कार्यक्रममा अनुपस्थित भएको अवस्था छ । एन्फा विधान बमोजिम हुने नियमित साधारण सभाका लागि विधान बमोजिम नै शहिद स्मारक लिग सी डिभिजन क्लबहरुबाट प्रतिनिधित्व गर्ने मताधिकार प्रतिनिधि छनौट निर्वाचनमै अनुपस्थित भएको र मिति २०८२/०१/१५ गते मात्र उक्त क्लबको बैठकले एक पक्षीय रुपमा विपक्षी गणेश

थापालाई एन्फाको नियमित साधारण सभामा प्रतिनिधि पठाउनु एन्फा विधान विपरीतको गतिविधि भएकाले अवस्था सम्मानित अदालतबाट मिति २०६२/१/२१ मा भएको अन्तरिम आदेश खारेज गरी पाऊँ । विश्व फुटबल महासंघ (फिफा) मा हाल २११ वटा सदस्य संस्था रहेका छन् । फिफाले खेलबाहेक भ्रष्टाचारलगायत अन्य फौजदारी विषयमा सजाय भएको व्यक्तिलाई फिफा र एन्फाको कुनै पनि पदीय जिम्मेवारी तथा संस्थागत क्रियाकलापमा भाग लिन, संलग्न हुन नपाउने व्यवस्था गरेको छ । फिफाले भ्रष्टाचारसम्बन्धी कारबाही गरी फुटबल गतिविधिमा प्रतिबन्ध गरेका व्यक्ति फिफाको सदस्य संस्थामा पुनः जिम्मेवारीमा फर्कन र सक्रिय हुन नपाउने व्यवस्था पनि फिफाले गरेको छ। उदाहरणका लागि श्रीलंकाका फुटवल अधिकारी भर्नन मनिलाल फर्नान्डो, कतारका फुटबल अधिकारी मोहम्मद बिन हमाम । यसरी प्रतिबन्धमा रहेका व्यक्ति पुनः फुटबलमा सक्रिय भएको पाइए फिफाले सदस्य राष्ट्रलाई समेत प्रतिबन्ध गर्न सक्ने प्रावधान रहेको छ । यस्तो अवस्थामा विश्व फुटबल महासंघको सदस्य संस्था अखिल नेपाल फुटबल संघ (एन्फा) को सदस्य संस्था आर सी ३२ क्लबबाट हतारमा निर्णय गराएर एन्फाको विधानबमोजिम सञ्चालन हुने साधारण सभामा सहभागी हुन पाउनुपर्ने माग राखी दायर हुन आएको निवेदनको आधारमा जारी भएको अन्तरिम आदेश खारेजभागी रहेकोले खारेज गरी पाऊँ ।विपक्षी गणेश थापा फिफाको प्रतिबन्धको अवधिमा पनि फुटवलसम्बन्धी गतिविधिमा संलग्न रहेको र निज उपर अनुसन्धान गरी कारबाहीका लागि भन्दै विपक्षी उपर एन्फाको सदस्य संस्था मनोहरा युनाइटेड क्लबको सदस्य किरण लामिछानेले दिएको उजुरी उपर एन्फा विधानको धारा ७१ को उपधारा १ (ख) मा व्यवस्था भए बमोजिम र धारा ७३ मा उल्लेख भएबमोजिमको एन्फाको न्यायिक निकाय सदाचार समितिले "प्रस्तुत उजुरीका सम्बन्धमा विस्तृत छानविन र जाँचबुझ गर्नुपर्ने भएको हुँदा पछि ठहरे बमोजिम हुने गरी हाललाई यो उजुरी निवेदनको अन्तिम टुंगो नलागेसम्मको लागि अखिल नेपाल फुटवल संघ (एन्फा) द्वारा आयोजना गर्ने बैठक, साधारण सभा तथा कार्यक्रमहरुमा विपक्षी गणेश थापालाई सहभागी नगर्नु/नगराउनु भनी एन्फा सचिवालयलाई जानकारी गराउने" भनेर मिति २०८२ साल वैशाख १६ गते दिएको आदेशसमेतको अनदेखा गरी उक्त तथ्य ढाँटी अदालतलाई गुमराहमा पारी दायर हुन आएको रिट निवेदनको आधारमा जारी भएको अन्तरिम आदेश खारेजभागी छ । विपक्षी गणेश थापाले फिफाको प्रतिबन्ध उल्लंघन गरी फुटबलसम्बन्धी गतिविधिमा संलग्न रहेको भन्दै अनुशासनको कारबाही गरी पाउँ भनी एन्फाको सदस्य संस्था मनोहरा युनाइटेड क्लबको सदस्य किरण लामिछानेले पेश गरेको उजुरी निवेदन उपर एन्फाको अनुशासन समितिले विपक्षीले विधानको धारा ७६ को (च) अनुशासन विपरीत एन्फा अनुशासनविपरीत कार्य गरेको ठहर गर्दै एन्फा आवद्ध कुनै पनि संघ संस्थाहरुमा प्रतिनिधि तथा सहभागिता हुन नपाउने गरी मिति २०८२/०१/०४ गते निर्णय समेत गरिसकेको अवस्थामा खेलकुद क्षेत्रमा हुन पर्ने सामान्य अनुशासनसमेत कायम नगरी यस तथ्यलाई समेत लुकाई निज विपक्षीले दायर गरेको उल्लेखित रिट निवेदन खारेजभागी छ । विपक्षीलाई एन्फा विधानको धारा ७४ बमोजिम पुनरावेदन गर्ने पर्याप्त आधार हुँदा हुँदै विपक्षी अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गतको रिट क्षेत्राधिकारमा प्रवेश गरी दायर हुन आएको रिट निवेदन सम्मानित सर्वोच्च अदालतको ०७९-WF-०००६ समेतको विपरीत रहेकोले मिति २०८२/१/२१ मा भएको अन्तरिम आदेश खारेजभागी छ, खारेज गरी पाऊँ । अतः विपक्षी गणेश थापालाई १० वर्षसम्म फुटवलसम्बन्धी कुनै पनि गतिविधि नगर्नु भनी विश्व फुटबल महासंघ (फिफा) ले प्रतिबन्धको कारबाही गरेको, फिफाको प्रतिबन्धको बाबजुत पनि निज विपक्षी गणेश थापाले फुटबल गतिविधिमा निरन्तर

रुपमा सरिक भइरहेको । भ्रष्टाचारमा दोषी ठहर गरी फिफाले कारबाही गरेकोमा सो उपर विपक्षीलाई पुनरावेदकीय सुविधा दिएको र फिफाको पुनरावेदन समितिले पनि कारवाहीलाई सदर गरी उक्त निर्णय नै अन्तिम भई बसेको अवस्था छ । भ्रष्टाचारमा दोषी ठहर भई अन्तिम भएको अवस्थामा फुटवलसम्बन्धी कुनै पनि गतिविधि गर्न नपाउने फिफाको नियम रहेको स्पष्ट छ । विपक्षीले आफूले प्रतिनिधित्व गर्छु भनेको आर सी ३२ फुटबल एकेडेमी साधारण सभाका लागि शहिद स्मारक सी डिभिजन क्लवहरुमध्येवाट ९ क्लवहरु छनौट गर्ने निर्वाचन कार्यक्रममा सहभागी नै भएको छैन । एन्फाको सदाचार समितिले समेत एन्फाले गर्ने कुनै पनि कार्यक्रममा सहभागी नगर्नु, नगराउनु भनी मिति २०८२ वैशाख १६ गते आदेश जारी गरेको, एन्फा अनुशासन समितिले अनुशासनको कारबाही गरेको मिति २०८२/१/४ को निर्णय समेत भएको अवस्थामा रिट निवेदन पत्रमा विपक्षीले लेखाएको जस्तो कुनै पनि हक अधिकारबाट विपक्षी वञ्चित भएको अवस्था छैन । एन्फा विधानको धारा २४ को उपधारा ३ (ङ) मा भएको व्यवस्था बमोजिम पनि निज एन्फामा आवद्ध संघ संस्थामा निर्वाचित हुने वा मनोनित हुने अवस्था समेत नभएको हुँदा विपक्षीको संवैधानिक तथा कानूनी हकको कुनै उल्लघन नभएको अवस्थामा विपक्षीलाई अपूरणीय क्षति पुग्ने कुनै अवस्था नभएको, सुविधा सन्तुलनको दृष्टिमा समेत सम्मानित अदालतको एकल इजलासबाट हामी निवेदकलाई सुनुवाईको मौका समेत नदिई मिति २०८२/१/२१ मा जारी भएको अन्तरिम आदेश गैर कानूनी तथा त्रुटीपूर्ण रहेकोले खारेज गरी पाऊँ भन्ने व्यहोराको विपक्षी अखिल नेपाल फुटबल संघ (एन्फा) तथा ऐ.का अध्यक्ष पंकज विक्रम नेम्बाङ्गको तर्फबाट लिखित जवाफ।

4) यसमा अखिल नेपाल फुटवल संघले च.न. १०५८ आ.व. ०८१/०८२ मिति २०८१/१२/२० को प्रेषित पत्र मार्फत संघमा आवद्व क्लवहरु लगायतका साधारणं सदस्यहरुलाई मिति २०८२/०१/२६ गते सम्पन्न हुने नियमित साधारण सभामा सहभागी मताधिकार प्रतिनिधि तथा प्रतिनिधिहरुको नामावली उपलब्ध गराईदिन भनी पत्राचार गरेको देखियो। सो साधारण सभामा मताधिकार भएका प्रतिनिधि तथा उमेदवारहरुको योग्यताको बारेमा अखिल नेपाल फुटवल संघको विधानले निर्धारण गरेको हुँदा सोही बमोजिम हुने तथ्यमा पनि विवाद देखिदैन। उल्लिखित पत्र बमोजिम आर. सी. ३२ क्लब एकेडेमीको तर्फबाट निवेदक गणेश थापालाई सहभागी प्रतिनिधिको रुपमा भाग लिन पठाउने गरी मिति २०८२/०१/१५ मा निर्णय गरेको पनि देखियो। वस्तुतः कुनैपनि संस्थाको संस्थागत सुशासन तथा सुदृढीकरणका लागि सम्बन्धित सदस्य संस्थाले भाग लिन पाउने तथा आफ्ना विचारहरु व्यक्त गर्न पाउने कार्य आफैमा एक महत्वपूर्ण अभ्यासको रुपमा सर्वस्वीकार्य पद्दति रहेको पाइन्छ। सोही अर्थमा सुविधा र सन्तुलनको दृष्टिकोणबाट विपक्षी गणेश थापाको सहभागिताले अखिल नेपाल फुटबल संघको मिति २०८२/०१/२६ मा हुने साधारण सभाको संचालनमा प्रतिकूल असर पर्ने अवस्था देखिएन। तसर्थ, मिति २०८२/०१/२१ मा भएको आदेशलाई परिवर्तन गरीरहन परेन। नियमानुसार गर्नु भन्ने मिति 2082/01/25 गतेको आदेश।

## <u>आदेश खण्डः-</u>

5) नियम बमोजिम निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू डा. श्री सुरेन्द्र भण्डारी, डा. श्री भिमार्जुन आचार्य, राजु बस्नेत, विष्णु भट्टराईले एन्फा अनुशासन समितिले

अनुशासनको कारवाही गरेको मिति २०८२/१/४ को निर्णय, एन्फाको सदाचार समितिले मिति २०८२/१/१६ मा जारी गरेको आदेश, निर्णय तथा काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुनु पर्दछ भन्ने समेत व्यहोराको र विपक्षी एन्फा समेतका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री टीकाराम भट्टराई, श्री सिताराम के.सी, डा. श्री दिनमणि पोखरेल, श्री यदुनाथ खनाल तथा विद्वान अधिवक्ताहरू श्री कुमार भट्ट र श्री निमराज बुढाक्षेत्री र श्री अशोकराज पाण्डेले निवेदकले निवेदनमा लेखाएको जस्तो कुनै पनि हक अधिकारबाट निवेदक वञ्चित भएको अवस्था नरहेको हुँदा रिट निवेदन खारेज हुनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

6) **उल्लेखित तथ्य रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिम उत्प्रेषण परमादेशको आदेश जारी हुनु पर्ने हो, होइन ? भन्ने विषयमा निरुपण हुनुपर्ने देखियो ।**

7) प्रस्तुत रिट निवेदनको तथ्य तर्फ दृष्टिगत गर्दा विपक्षी अखिल नेपाल फुटबल संघको नियमित साधारण सभा मिति २०८२ वैशाख २६ गते शुक्रबारका दिन काभ्रे जिल्लाको धुलिखेल नगरपालिकाको सभा हलमा हुने भनि उक्त संघको मिति २०८२ साल चैत्र ११ र १२ गते एन्फा सचिवालयमा वसेको कार्यसमितिको वैठकले निर्णय गरी त्यसको सूचना आफ्ना सदस्यहरुलाई पठाएको छ । सो वमोजिम म आवद्ध रहेको आर.सि.३२ क्लबलाई पनि सोही वमोजिम सूचना प्राप्त भएकोले उक्त क्लबको म सदस्य भएको हुँदा सो क्लबको मिति २०८२।१।१५ को निर्णय वमोजिम उक्त साधारण सभामा भाग लिनका लागि अखिल नेपाल फुटबल संघको विधान २०७७ को दफा २६ (२) वमोजिम म निवेदक गणेश थापा र सुरेन्द्र वस्नेतलाई उक्त साधारण सभाको प्रतिनिधि सदस्य मनोनयन गरी विपक्षी संघमा पठाएको छ । एन्फा अनुशासन समितिले अनुशासनको कारवाही गरेको मिति २०८२/१/४ को निर्णय, एन्फाको सदाचार समितिले एन्फाले गर्ने कुनै पनि कार्यक्रममा सहभागी नगराउनू भनी मिति २०८२/१/१६ मा आदेश जारी गरेको हुँदा अखिल नेपाल फुटबल संघको मिति २०८२।१।२६ मा हुन गैरहेको नियमित साधारण सभामा आर.सि.३२ क्लबको प्रतिनिधिको हैसियतले भाग लिन पाउने मेरो निर्विवाद संवैधानिक र कानूनी हक रहेको हुँदा मिति २०८२/१/४ को निर्णय, एन्फाको सदाचार समितिले एनफाले गर्ने कुनै पनि कार्यक्रममा सहभागी नगराउनू भनी मिति २०८२/१/१६ मा गरेको आदेश उत्प्रेषणको आदेशले बदर गरी अखिल नेपाल फुटबल संघको मिति २०८२।१।२६ मा हुन गईरहेको नियमित साधारण सभामा मलाई आर.सि. ३२ क्लबको प्रतिनिधि सदस्यको हैसियतमा भाग लिन पाउने गरी अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने व्यहोराको रिट निवेदन रहेकोमा भ्रष्टाचारमा दोषी ठहर भई अन्तिम भएको अवस्थामा फुटवलसम्बन्धी कुनै पनि गतिविधि गर्न नपाउने फिफाको नियम रहेको स्पष्ट छ । विपक्षीले आफूले प्रतिनिधित्व गर्छु भनेको आर सी ३२ फुटबल एकेडेमी साधारण सभाका लागि शहिद स्मारक सी डिभिजन क्लवहरुमध्येवाट ९ क्लवहरु छनौट गर्ने निर्वाचन कार्यक्रममा सहभागी नै भएको छैन । एन्फाको सदाचार समितिले समेत एन्फाले गर्ने कुनै पनि कार्यक्रममा सहभागी नगर्नु, नगराउनू भनी मिति २०८२ वैशाख १६ गते आदेश जारी गरेको, एन्फा अनुशासन समितिले अनुशासनको कारबाही गरेको मिति २०८२/१/४ को निर्णय समेत भएको अवस्थामा रिट निवेदन पत्रमा विपक्षीले लेखाएको जस्तो कुनै पनि हक अधिकारबाट विपक्षी वञ्चित भएको अवस्था छैन । एन्फा विधानको

धारा २४ को उपधारा ३ (ङ) मा भएको व्यवस्था बमोजिम पनि निज एन्फामा आवद्ध संघ संस्थामा निर्वाचित हुने वा मनोनित हुने अवस्था समेत नभएको हुँदा विपक्षीको संवैधानिक तथा कानूनी हकको कुनै उल्लघन नभएको अवस्थामा विपक्षीलाई अपूरणीय क्षति पुग्ने कुनै अवस्था नभएको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने व्यहोराको विपक्षी अखिल नेपाल फुटबल संघ (एन्फा) समेतको तर्फबाट लिखित जवाफ रहेको देखिन्छ।

8) निवेदकले उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदन गरेको सन्दर्भमा हेर्दा, उत्प्रेषणले कुनै प्रशासनिक, अर्धन्यायिक वा सार्वजानिक जवाफदेही वा न्यायिक निकायले कार्य सम्पादन गर्ने क्रममा गैरकानूनी निर्णय गरेमा त्यसलाई बदर गर्न सक्षम अदालतले जारी गर्ने आदेश हो।उत्प्रेषण सार्वजनिक पद धारण गर्ने अधिकारी वा निकायका नाममा जारी गरिन्छ। आफ्नो क्षेत्राधिकार नाघेर वा क्षेत्राधिकार नभई कुनै प्रशासनिक, अर्धन्यायिक वा तल्लो न्यायिक निकायले गरेको निर्णय गैरकानूनी र बदरभागी भएमा उत्प्रेषणद्वारा त्यस्तो निर्णय बदर गरिन्छ। त्यसैगरी निर्णय गर्दा अधिकारक्षेत्रको दुरुपयोग (Abuse of Jurisdiction) गरी निर्णय गरेकोमा, निर्णयमा जालसाज, कपट वा पुर्वाग्रहको अवस्था रहेकोमा (Decision prejudiced by fraud, collusion or perjury) , कुनै आधार वा कारण नखुलाई निर्णय गरेकोमा (Non- reasoned decision. non- speaking order), कानुनको स्वविवेकी अधिकारक्षेत्रको स्वेच्छाचारी प्रयोग गरी निर्णय गरेमा (Arbitrary use of discretionary power), कानूनमा तोकिएको कार्यविधि पालना नगरेको समेतका अवस्थाहरु मध्ये सवै वा केही वा कुनै एक अवस्थाको विद्यमानता सम्बन्धित मिसिलबाट देखिएमा उत्प्रेषणको रिट जारी हुन्छ्।

9) अव उल्लिखित सैद्धान्तिक मान्यताको आलोकमा प्रस्तुत निवेदनको विषयवस्तुलाई हेर्दा, अखिल नेपाल फुटबल संघ (एन्फा) कुनै प्रशासनिक, अर्धन्यायिक वा सार्वजानिक निकाय रहेको देखिदैन। एन्फा संस्था दर्ता ऐन बमोजिम दर्ता भएको निकाय रहेको देखिन्छ। संस्था दर्ता ऐन अन्तर्गत दर्ता भएका संस्थाहरूको नियमनकारी निकाय जिल्ला प्रशासन कार्यालय रहेको र संघको विधानले तोकिदिएका कुराहरूको हकमा संघको विधान अनुसार नै हुने देखियो। जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाएको नदेखिएको एवं संघको विधानको व्याख्या गर्नका लागि यस अदालतलाई नेपाल कानूनले प्रष्टसँग उल्लेख गरेको भन्ने निवेदकले निवेदनमा उल्लेख गर्न सकेको देखिदैँन। संस्था दर्ता ऐन अन्तर्गत दर्ता भएको अखिल नेपाल फुटबल संघको विधानको व्याख्या गरी सो संस्थाले गरेको निर्णयहरूको वैधानिकताको जाँच गरी सो को आधारमा निवेदन माग बमोजिम प्रत्यर्थीहरूको नाउँमा उत्प्रेषण परमादेशको आदेश जारी हुने देखिएन।

10) अखिल नेपाल फुटबल संघले च.नं १०५८ आ.वं.०८१/०८२ मिति २०८१/१२/२० को प्रेषित पत्र मार्फत संघमा आवद्ध क्लबहरू लगायतका साधरण सदस्यहरूलाई मिति २०८२/१/२६ गते सम्पन्न हुने नियमित साधारण सभामा सहभागी मताधिकार प्रतिनिधि तथा प्रतिनिधिहरूको नामावली उपलब्ध गराईदिन भनी पत्राचार गरेको देखिन्छ।सो साधारण सभामा मताधिकार भएका प्रतिनिधि तथा उमेदवारहरूको योग्यताको बारेमा अखिल नेपाल फुटवल संघको विधानले निर्धारण गरेको हुँदा सोही बमोजिम हुने देखिन्छ।निवेदकले निवेदनमा एन्फाले निजलाई मिति २०८२/०१/१६ मा सदाचार समिति र मिति २०८२/०१/०४ मा अनुशासन समिति ले कारवाही गरेको निवेदनमा उल्लेख भएतापनि सो का सम्बन्धमा स्पष्ट माग राख्न सकेको देखिदैन। माग स्पष्ट नभएमा निर्णय

बदर गर्न सकिने हुदैन। सोही पत्राचार अनुरूप आर.सी. ३२ क्लब एकेडेमीको तर्फवाट निवेदक गणेश थापालाई सहभागी प्रतिनिधिको रुपमा भाग लिन पठाउने गरी मिति २०८२/१/१५ मा निर्णय गरेको मिसिल संलग्न कागजातहरूवाट देखिन्छ। निज निवेदकले दावी गरेको विषयलाई हेर्दा, निवेदक गणेश थापालाई एन्फाको सदाचार समिति र एन्फा अनुशासन समितिले गरेको निर्णयलाई बदर माग गर्दा बदर माग गरेको विषय स्पष्ट सँग उल्लेख गरेको देखिदैन। एन्फा अनुशासन समितिले अनुशासनको कारवाही गरेको मिति २०८२/१/४ को निर्णय तथा एन्फाको सदाचार समितिले एनफाले गर्ने कुनै पनि कार्यक्रममा सहभागी नगराउनु भनी मिति २०८२/१/१६ को आदेश उपर एन्फाको विधानको धारा ७४ मा पुनरावेदन समिति रहेको र पुनरावेदन समितिले उक्त सदाचार समिति र अनुशासन समिति उपरको निर्णयमा पुनरावेदन लाग्ने र पुनरावेदन समितिले निर्णय गर्ने तथा पुनरावेदन समितिले गरेको निर्णय उपर स्वीजरल्याण्डको Lausanne मा अवस्थित कोर्ट अफ आर्बिट्रेशन फर स्पोर्टस ( Court of Arbitration for Sports) मा मात्र पुनरावेदन गर्न सकिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ।धारा ८० मा  मा विवाद सामाधानका विषयमा एन्फा र यसका सदस्य, खेलाडी, अफिसियल, म्याच एजेण्ट र मधयस्थहरूले कुनै पनि विवाद अदालत सामु लैजाने छैनन् भन्ने व्यवस्था समेत गरेको देखिन्छ । निवेदक गणेश थापालाई एनफाले गर्ने कुनै पनि कार्यक्रममा सहभागी नगराउनु भनी निर्णय गरेको निकाय एन्फा रहेको र एन्फाले गरेको निर्णयहरू एन्फाको विधानमा आधारित हुने भएकोले एन्फाको विधान वमोजिम चल्नुपर्ने निकायको निर्णय बदर माग गर्दा एन्फाको विधानको धारा ७४ बमोजिम पुनरावेदन समितिमा जानुपर्नेमा सोमा नगई धारा ८० को समेत पालना नगरी अदालतमा प्रवेश गरेको मिसिल संलग्न कागजातहरूवाट देखिन्छ। एन्फाको विधानमा व्यवस्था भए बमोजिम नियमनकारी निकायमा निवेदकले निवेदन दिई आफूलाई परेको मर्काको संबोधन हुन सक्नेमा सो गरेको मिसिलवाट देखिदैन। बिपक्षी एन्फाको सदाचार समिति तथा अनुशासन समितिको उक्त निर्णय उपर यी निवेदक एन्फाको विधान को दफा ७४ बमोजिम पुनरावेदन समितिमा नगई सोझै अदालत प्रवेश गरेको देखिएको हुँदा निज निवेदकको निवेदन माग बमोजिम उत्प्रेषण जारी हुने अवस्था विद्यमान रहेको देखिदैन।

11) त्यसैगरी निवेदकले परमादेशको आदेश समेत माग गरेकोतर्फ विचार गर्दा, कुनै पनि संवैधानिक वा कानूनी निकाय वा अधिकारीले संविधान र कानूनद्वारा तोकिएको सार्वजनिक कर्तव्य पूरा नगरेमा त्यस्तो कर्तव्य पूरा गराउन परमादेशको आदेश जारी गरिने हो। राज्यका कुनै पनि निकाय वा अधिकारीको कार्य वा अकार्यबाट (Commission or Omission) कुनै पनि व्यक्तिको न्याय प्राप्त गर्ने मार्ग अवरूद्ध हुन्छ भने त्यस्तो अवरूद्ध मार्ग प्रशस्त गर्नु अदालतको दायित्व हुन्छ ।सो सन्दर्भलाई विचार गर्दा, अखिल नेपाल फुटबल संघ( एन्फा) संस्था दर्ता ऐन बमोजिम दर्ता भएका निकाय रहेको तथा एन्फाको आफ्नै विधान समेत रहेको देखिन्छ।परमादेश जारी गर्नका लागि सरकारको निकाय ( Government Instumentality) नै हुनु पर्नेमा प्रस्तुत निवेदनको विपक्षी एन्फा रहेको छ जुन संस्था दर्ता द्वारा अस्तित्व प्राप्त गरेको संस्था देखिन्छ। सँस्था दर्ता ऐन बमोजिम दर्ता भएका निकायहरूहरूले निर्णय गर्दा आफ्नो विधान बमोजिम गरेको हुन्छन् तथा उक्त निर्णय उपरको सुनुवाईका लागि विधान द्वारा व्यवस्था गरेको नियमनकारी

निकायवाट नै टुङ्गो लगाउनुपर्ने हुँदा विपक्षी एन्फाको हकमा परमादेश जारी गर्न मिल्ने अवस्था रहेको देखिदैन।

12) निज निवेदकलाई फिफाले १६ अप्रिल, २०१५ मा फुटबल सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिमा सहभागी हुन नपाउने गरी १० वर्षको लागि प्रतिवन्ध लगाएकोमा सो प्रतिवन्ध १५ अप्रिल २०२५ बाट समाप्त भएको मिसिल संलग्न कागजातहरूवाट देखिन्छ।सोही कारवाहीको विषयलाई लिएर अखिल नेपाल फुटवल संघ (ANFA) को अनुशासन समिति र सदाचार समितिले निजलाई कारवाही गरी भविष्यमा फुटवल गतिविधिमा सहभागी हुनवाट रोक लगाएको अवस्था समेत मिसिलवाट देखियो। विपक्षीले निज निवेदकलाई विधानको धारा २४ (३) ( (ङ) लाई आधार लिई भविष्यमा फुटवल गतिविधिमा सहभागी हुनवाट रोक लगाएको देखिन्छ।फिफाले निज निवेदकलाई १० वर्षको लागि कारवाही गरेकोमा सो कारवाही अवधि समेत समाप्त भैसकेको तथा एन्फाले सोही कारवाहीको विषयमा पुःन कारवाही गरी दोहोरो खतरा ( Double Jeopardy ) मा राखेको देखियो। एउटै विषयमा पटक पटक कारवाही गर्न नसकिने प्राङ्न्यायको सिद्वान्त ( Principle of res judicata ) समेतबाट पुःन कारवाही गर्न मिल्ने देखिदैन। एकै अपराधमा दुई पटक सजाय गर्न नमिल्ने भन्ने सिद्धान्त रहेको परिप्रेक्ष्यमा निवेदकलाई फिफाले गरेको कारवाहीमा पुनः कारवाही गरी निज निवेदक गणेश थापा भविष्यमा फुटवल गतिविधिमा सहभागी हुनवाट रोक लगाएको अवस्था समेत मिसिलवाट देखिन्छ। विधानको धारा २४ (३) ( (ङ) मा भ्रष्टचार, जबरजस्ती करणी, मानववेचविखन तथा ओसार पसार, लागू औषध बिक्रि वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य कुनै फैजदारी कसूरमा एक वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्ति एनफा वा प्रदेश फुटबल संघ वा जिल्ला फुटबल संघमा निर्वाचित वा मनोनित हुन सक्ने छैन भन्ने कानूनी व्यवस्थालाई टेकेर एन्फाले कारवाही गरेको अवस्था देखिन्छ तर निज निवेदकलाई फिफाले गरेको कारवाहीमा समय अवधि समाप्त भएपश्चात एन्फाले निजलाई कारवाही गरेको मिलेको देखिदैन। नेपालको संविधानको धारा १४४ मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था भइ पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपनका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्ने छ भन्ने व्यवस्था रहेको हुँदा प्रचलित कानून, FIFA को नियम एवम ANFA को विद्यान बमोजिम बाहेक निज निवेदक गणेश थापालाई फुटवल गतिविधिमा सहभागी हुन नपाउने कुनै पनि काम कारवाही नगर्नु नगराउनु भनी अखिल नेपाल फुटवल संघ समेतका नाउँमा उपयुक्त आदेश सम्म जारी गर्नुपर्ने अवस्था देखियो।

13) □□□□□: माथि उल्लेखित आधार र कारणबाट निवेदकको माग बमोजिम उत्प्रेषण परमादेशको रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा उत्प्रेषण र परमादेशको हकमा रिट जारी हुन सक्ने अवस्था देखिएन।निवेदक गणेश थापाको हकमा अन्तराष्ट्रिय फुटबल महासंघ (FIFA) ले गरेको १० वर्षको सजाय 16 April 2025 मा समाप्त भैसकेपछि सोही विषयमा अखिल नेपाल फुटवल संघ (ANFA) को अनुशासन समिति र सदाचार समितिले निजलाई कारवाही गरी भविष्यमा फुटवल गतिविधिमा सहभागी हुनवाट

रोक लगाएको अवस्था समेत मिसिलवाट देखिएको हुँदा प्रचलित कानून, FIFA को नियम एवम ANFA को विधान बमोजिम बाहेक निजलाई फुटवल गतिविधिमा सहभागी हुन नपाउने कुनै पनि काम कारवाही नगर्नु नगराउनु भनी अखिल नेपाल फुटवल संघ समेतका नाउँमा नेपालको संविधानको धारा १४४ बमोजिम उपयुक्त आदेश सम्म जारी गरीदिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

तपसिल

- माथि आदेश खण्डमा उल्लेख भए अनुसार निवेदक गणेश थपाललाई फुटवल गतिविधिमा सहभागी हुन नपाउने कुनै पनि काम कारवाही नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा उपयुक्त आदेश जारी हुने ठहरेकोले यो आदेश अनुसार गर्नु भनी विपक्षीहरुलाई जानकारी दिनू ..........................................................१
- सरोकारवालाले नक्कल माग गरे नियमानुसार दिनू..............................................२
- यो आदेश प्रमाणीकरण भएपछि सोको विवरण यस अदालतको सूचना पाटीमा तथा वेव साइटमा समेत प्रकाशित गर्नू ..........................................................३
- प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी यो आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू .........................................४

(मुनेन्द्रप्रसाद अवस्थी)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(कृष्णराम कोइराला )
न्यायाधीश

**<u>फैसला तयार गर्न सहयोग गर्नेः</u>**

इजलास अधिकृत :- घनश्याम कुमार महतो

कम्प्यूटर अपरेटर :- स्मित श्रेष्ठ

**ईति सम्वत 20८2 साल असार महिना 4 गते रोज 4 शुभम्.................................।**

प्रमाणिकरण मिति :

अदालतको छाप